基層醫療指南
Primary Care Directory

# सर्वसाधारणका लागि
# प्राथमिक स्वास्थ्य सेवा निर्देशिका बारे
# प्राय सोधिने प्रश्नहरु तथा उत्तरहरु

## (जुलाई 2024 मा संशोधित)

प्राथमिक स्वास्थ्य सेवा आयोग (प्राईमेरी हेल्थ केयर कमिशन), हेल्थ ब्यूरोद्वारा तयार गरिएको

# सामग्रीहरु

**1. सामान्य प्रश्नहरू ........ 3**

**1.1. प्राथमिक स्वास्थ्य सेवा भनेको के हो? ........ 3**

**1.2. प्राथमिक स्वास्थ्य सेवा निर्देशिका के हो? ........ 3**

**1.3. निर्देशिकामा नामांकनको लागि को को योग्य छन्? ........ 3**

**1.4. म कसरी निर्देशिका प्रयोग गर्न सक्छु? ........ 3**

**1.5. निर्देशिका कति पटक अद्यावधिक गरिन्छ? ........ 4**

**1.6. केही प्राथमिक स्वास्थ्य प्रदायकहरूको नाम पछाडी कोष्ठकमा किन अर्को नाम राखिएको छ? ........ 4**

**1.7. सरकारले किन निर्देशिकामा सूचीबद्ध चिकित्सकहरूलाई मात्र सरकार द्वारा अनुदानित प्राथमिक स्वास्थ्य सेवा कार्यक्रमहरूमा सहभागी हुने अनुमति दिन्छ ? ........ 4**

**1.8. यदि मैले नियमित रूपमा परामर्श लिने चिकित्सकलाई निर्देशिकामा सूचीबद्ध गरिएको छैन भने, मलाई के हुनेछ? 4**

**2. प्राविधिक कुराहरू ........ 5**

**2.1. निर्देशिका प्रयोग गर्न कुन प्रणाली आवश्यक छ? ........ 5**

**3. हामीलाई सम्पर्क गर्नुहोस् ........ 5**

**3.1. मलाई थप जानकारी चाहिएमा म कसलाई सम्पर्क गर्न सक्छु? ........ 5**

# 1. सामान्य प्रश्नहरू

## 1.1. प्राथमिक स्वास्थ्य सेवा भनेको के हो?

प्राथमिक स्वास्थ्य सेवा भनेको सम्पूर्ण स्वास्थ्य सेवा प्रणालीमा हेरचाहको पहिलो स्तर हो र निरन्तर स्वास्थ्य सेवा प्रक्रियामा व्यक्ति र परिवारहरूको लागि सम्पर्कको पहिलो बिन्दु हो । प्राथमिक स्वास्थ्य सेवाले मानिसहरू बस्ने र काम गर्ने समुदायको नजिक व्यापक, व्यक्ति-केन्द्रित, निरन्तर र समन्वयात्मक र निवारक सेवा प्रदान गर्दछ ।

प्राथमिक स्वास्थ्य सेवाले जनसंख्याको स्वास्थ्यमा योगदान पुर्‍याउँछ र सेवाहरूको विस्तृत दायरा समावेश गर्दछ जसमा निम्न समावेश छन्:

- स्वास्थ्य प्रवर्द्धन
- तीव्र र दीर्घकालिन रोगको रोकथाम;
- स्वास्थ्य जोखिम मूल्याङ्कन र रोग निदान;
- तीव्र र दीर्घकालिन रोगहरूको उपचार र हेरचाह;
- स्व-व्यवस्थापन समर्थन; र
- अपाङ्गता वा अन्तिम चरणका रोगीहरूको लागि पुनर्वास, सहयोग र उपशामक हेरचाह ।

## 1.2. प्राथमिक स्वास्थ्य सेवा निर्देशिका के हो?

प्राथमिक स्वास्थ्य सेवा निर्देशिका ("द डायरेक्टरी") एक वेब-आधारित इलेक्ट्रोनिक डाटाबेस हो जसमा अभ्यास जानकारी र समुदायमा प्राथमिक स्वास्थ्य सेवा प्रदायकहरूको पेशाजन्य योग्यता समावेश छन्, जस अन्तर्गत सर्वसाधारणहरुले डाक्टरहरू, दन्त चिकित्सकहरू र चिनियाँ औषधि चिकित्सकहरूको खोजी गर्नमा सहजता पुर्याउँदछ ।

सो निर्देशिका पहिलो पटक अप्रिल 2011 मा डाक्टर र दन्त चिकित्सकहरूको लागि उप-निर्देशिकाहरूको साथ शुरुवात गरिएको थियो; त्यसपछि अक्टोबर 2012 मा चिनियाँ औषधि चिकित्सकहरूको लागि उप-निर्देशिका सुरु गरियो ।

## 1.3. निर्देशिकामा नामांकनको लागि को को योग्य छन्?

हङकङमा पंजीकृत डाक्टरहरू, दन्त चिकित्सकहरू र चिनियाँ औषधि चिकित्सकहरू (CMPs/चाइनिज मेडिसन डाक्टर) जो पहुँचयोग्य, व्यापक, निरन्तर, समन्वयित र व्यक्ति-केन्द्रित प्राथमिक स्वास्थ्य सेवाहरू प्रदान गर्न प्रतिबद्ध छन्, तिनीहरू निर्देशिकामा नामांकनका लागि योग्य छन् ।

## 1.4. म कसरी निर्देशिका प्रयोग गर्न सक्छु?

तपाईले निर्देशिकामा खोजी प्रकार्य (सर्च फङ्सन) प्रयोग गर्न सक्नुहुन्छ र तपाईको चयन मापदण्डको आधारमा, जस्तै क्लिनिक स्थान, क्लिनिक खुल्ने समय, आदि अनुसार तपाईलाई उपयुक्त हुने प्राथमिक स्वास्थ्य डाक्टर, दन्त चिकित्सक वा चिनियाँ औषधि चिकित्सकहरू(CMP) भेटाउन सक्नुहुन्छ ।

यदि पहिले नै तपाईको पारिवारिक डाक्टर, दन्त चिकित्सक वा CMP हरू छन् भने, तपाईले निर्देशिकामा उनीहरूको अद्यावधिक जानकारी पनि खोज्न सक्नुहुन्छ।

विवरणहरूको लागि कृपया वेबसाइटमा "सर्च डेमन्स्ट्रेशन" मा हेर्नुहोस् ।

### 1.5. निर्देशिका कति पटक अद्यावधिक गरिन्छ?

नामांकन गरिएका प्राथमिक स्वास्थ्य प्रदायकहरूले कुनै पनि समय आफ्नो जानकारी अनलाइन मार्फत अद्यावधिक गर्न सक्छन् । तपाईले निर्देशिकामा केही प्राथमिक स्वास्थ्य प्रदायकको वेबपेजको तल देखाइएको "अन्तिम अद्यावधिकको मिति" हेर्न सक्नुहुन्छ ।

### 1.6. केही प्राथमिक स्वास्थ्य प्रदायकहरूको नाम पछाडी कोष्ठकमा किन अर्को नाम राखिएको छ?

डाक्टरहरू र दन्त चिकित्सकहरूका लागि, कोष्ठकमा देखाइएको नाम सामान्यतया प्रयोग हुने नाम वा क्रिश्चियन नाम हो; जबकि चिनियाँ औषधि चिकित्सकहरूको लागि, कोष्ठकमा नाम "सो भनेर चिनिने" नाम हो जुन चिनियाँहरूले हङकङको मेडिसिन काउन्सिलद्वारा राखेका चिनियाँ चिकित्सा चिकित्सकहरूको सूचीमा समावेश छ ।

### 1.7. सरकारले किन निर्देशिकामा सूचीबद्ध चिकित्सकहरूलाई मात्र सरकार द्वारा अनुदानित प्राथमिक स्वास्थ्य सेवा कार्यक्रमहरूमा सहभागी हुने अनुमति दिन्छ ?

यो सरकार द्वारा अनुदानित खोप अनुदान योजना, आवासीय हेरचाह गृह खोप कार्यक्रम, जिल्ला स्वास्थ्य केन्द्र सेवाहरू साथै दीर्घकालीन रोग सह-हेरचाह परीक्षण योजनामा भाग लिने चिकित्सकहरूको लागि निर्देशिकामा सूचीकृत हुन आवश्यक छ । प्राइमरी हेल्थकेयर ब्लुप्रिन्टले प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्ने सबै स्वास्थ्य सेवा व्यवसायीहरूलाई निर्देशिकामा सूचीबद्ध गरिनुपर्छ भनी सिफारिस गर्दछ । सिफारिसको अतिरिक्त, सरकारले 6 अक्टोबर 2023 देखि सुरु हुने एल्डर्ली हेल्थ केयर भाउचर योजना, कोलोरेक्टल क्यान्सर स्क्रिनिङ कार्यक्रम र जनेरल आउट पेशन्ट क्लिनिक सामुदायिक-निजी साझेदारी कार्यक्रम सहित सबै सरकार द्वारा अनुदानित प्राथमिक स्वास्थ्य सेवा कार्यक्रमहरू समावेश गर्न सान्दर्भिक आवश्यकता विस्तार गर्दछ। विभिन्न सहुलियतपूर्ण कार्यक्रमहरूमा व्यवस्थाहरूको यस्तो अनुदानित कार्यक्रमहरूमा सहभागी हुने चिकित्सकहरूले उनीहरूको क्षेत्र अनुरूप निरन्तर चिकित्सा शिक्षा प्राप्त गरिरहेको सुनिश्चित गर्न सक्छ, जसले गर्दा प्राथमिक स्वास्थ्य सेवाहरूको गुणस्तर सुनिश्चिततामा वृद्धि हुन्छ । दीर्घकालीन रूपमा, सरकारले यो आवश्यकतालाई अन्य प्राथमिक स्वास्थ्य सेवा पेशेवरहरूमा विस्तारै विस्तार गर्नेछ ।

### 1.8. यदि मैले नियमित रूपमा परामर्श लिने चिकित्सकलाई निर्देशिकामा सूचीबद्ध गरिएको छैन भने, मलाई के हुनेछ?

यदि तपाईले नियमित रूपमा परामर्श लिनुहुने चिकित्सकलाई दुई महिनाको अनुग्रह अवधि (अर्थात् 6 डिसेम्बर 2023 र त्यसपछि) को अन्त्यसम्म निर्देशिकामा सूचीकृत हुन बाँकी छ भने, उसले उप्रान्त एल्डरली हेल्थ केयर भाउचर योजना, कोलोरेक्टल क्यान्सर स्क्रिनिङ कार्यक्रम र जनेरल आउट पेशन्ट क्लिनिक सामुदायिक-निजी साझेदारी कार्यक्रम अन्तर्गत आफ्ना बिरामीहरूलाई अनुदानमा सेवाहरू प्रदान गर्न सक्षम हुनेछैन ।

यदि तपाई उल्लिखित अनुदानित कार्यक्रमहरूबाट लाभ उठाउँदै हुनुहुन्छ भने,तपाईका चिकित्सकहरू निर्देशिकामा सूचीबद्ध छन् कि छैनन् भनेर पुष्टि गर्न तपाईले तपाईका चिकित्सकहरूसँग सोधपुछ वा अनलाइन जाँच गर्नुपर्दछ (https://apps.pcdirectory.gov.hk/public/EN) जसले गर्दा तपाईलाई भविष्यमा सोहि चिकित्सकहरू मार्फत सान्दर्भिक अनुदान प्राप्त सेवाहरू प्राप्त गर्न जारी राख्न सुनिश्चित गर्दछ ।

## 2. प्राविधिक कुराहरू

### 2.1. निर्देशिका प्रयोग गर्न कुन प्रणाली आवश्यक छ?

निर्देशिका  सामान्यतया प्रायजसो प्रयोग गरिने अपरेटिङ सिस्टम र ब्राउजरहरूको निम्न संयोजनहरूमा चलाउन सकिन्छ:

| | माइक्रोसफ्ट विन्डोज 10 (Microsoft Windows 10) | म्याकओएस् (macOS) |
|---|---|---|
| माइक्रोसफ्ट एज (Microsoft Edge) | ✓ | |
| गुगल क्रोम (Google Chrome) | ✓ | ✓ |
| मोजिल्ला फायरफक्स (Mozilla Firefox) | ✓ | ✓ |
| सफारी (Safari) | | ✓ |

सामान्यरुपमा, तपाईले निम्न सफ्टवेयर आइटमहरु तपाईको आफ्नो ब्राउजरमा सहजीकरण गर्न आवश्यक छ ।

- जाभास्क्रिप्ट (JavaScript)
- कुकीज (Cookies)
- टीएलएस् (TLS)

## 3. हामीलाई सम्पर्क गर्नुहोस्

### 3.1. मलाई थप जानकारी चाहिएमा म कसलाई सम्पर्क गर्न सक्छु?

तपाईले निम्न माध्यमहरु मार्फत हेल्थ ब्यूरोको प्राथमिक स्वास्थ्य सेवा आयोग ( प्राईमेरी हेल्थ केयर कमिशन) लाई सम्पर्क गर्न सक्नुहुन्छ:

टेलिफोन नम्बर: 3576 3658
फ्याक्स नम्बर : 3583 4549
ईमेल ठेगाना: phcc@healthbureau.gov.hk
ठेगाना: Primary Healthcare Commission
Health Bureau
The Government of the Hong Kong Special Administrative Region
Unit 1505-06, 15/F, THE HUB
23 Yip Kan Street, Wong Chuk Hang, Hong Kong